सुरक्षा र न्याय अध्ययन केन्द्र

# CENTRE FOR SECURITY AND JUSTICE STUDIES

FIELD VISIT REPORT

# BORDER SECURITY AT SUSTA, NAWALPARASI

DR. GOVIND PRASAD THAPA
FORMER ADDITIONAL INSPECTOR GENERAL OF POLICE
NEPAL POLICE

PROGRAM SUPPORTED BY THE ASIA FOUNDATION

नेपाल भारतको सीमा विवाद र आफनै देशमा शरणार्थी बनेका सुस्तावासीको व्यथा[1]

डा. गोविन्द प्रसाद थापा
सुरक्षा र न्याय अध्ययन केन्द्र

सुस्तावासीको व्यथा

सीमा बलियो भयो भने राष्ट बलियो हुन्छ । सीमाविद बुद्धि नारायण श्रेष्ठका अनुसार नेपालको भारतसंग सीमा जोडिएका २६ जिल्ला मध्य २१ जिल्लाको ५४ स्थानमा गरी ६०००० हेक्टर नेपाली भुमिमा अतिक्रमण, वादविवाद, तेरोमेरो, झैझमेलो परेको छ । यस मध्य सवैभन्दा धेरै कालापानी लिम्पियाधुरा क्षेत्रमा ३७००० हेकटर, सुस्ता १४००० हेक्टर (२१००० विघा) रहेका छन । सुस्तामा प्रत्येक ठुलो बाढी आउदा नारायणी नदीले बहाव परिवर्तनगरी नेपालतर्फसर्दा नदीले छाडेको जमिन भारतियहरुले मिच्दै, च्याप्दै अतिक्रमण गरेका छन । पटक पटक गरी हाल सम्म १४००० हेक्टर जमिन अतिक्रमणमा परेको छ ।

२०७० पुष ५ गते सुरक्षा र न्याय अध्ययन केन्द्र का चार जना पदाधिकारीहरु नवलपरासीको सुस्ता गाउँ पुगेका थियौं । हाम्रो भ्रमणको उद्देश्य खास गरी सुस्ता क्षेत्रमा भएको बाढी बाट नोक्सानी र सीमा सुरक्षाका सवालहरुमा केन्द्रिकृत थियो । सुस्ता गाउँ पुग्नका लागि दुई बिकल्प थिए, त्रिबेणी बाट डुंगामा जाने वा भारतीय भुमी हुँदै जीपमा सुस्ता पुग्ने । हामीले दोस्रो बिकल्प छान्यो । हामीले विभिन्न स्थान हरुमा भारतीय सीमा सुरक्षा बल को अनुमति लिदै सुस्ता पुग्यौं ।

सुस्ता गाउँमा पुग्दा सम्म हामीलाई धेरै ठाउँहरुमा नेपाल र भारतको सिमानाको बारेमा अलमल भै रह्यो । एकै छिनमा हामी भारत त अर्को छिनमा नेपालमा हुन्थ्यौं । सुस्ताका गाउँलेहरुसंगको कुराकानी तथा उहाँ हरु वाट हामीलाई दिइएको ज्ञापन पत्र बाट समेत सुस्ताको समस्याका बारेमा जानकारी भयो । सुस्ताबासी हरुका निम्नलिखित समस्याहरु रहेको हामीलाई अवगत भयो ।

१. प्राकृतिक प्रकोप
सुस्ता गाउँ को पूर्व, उत्तर र दक्षिणमा भारतीय भुमी छ । पश्चिम तर्फ नारायणी नदी छ । नारायणी नदीले प्रत्येक बर्ष कटानी गर्दै जान्छ । सुस्ता गाउँको धेरै भुभाग नदिमा परिणत भएको छ । यि सबै जमिनमा भारतियहरुको दावि रहेको छ । आज सम्म नारायणी नदीको बहाव लाई रोक्नका लागि नेपालले कुनै कार्य गरेको छैन ।
२.यातायात को असुबिधा
सुस्तावासी हरुलाई आफ्नै देश नेपाल को भुभागमा जानका लागि (त्रिबेणी पुग्नका लागि) डुंगा को प्रयोग वा भारतीय भुमी को प्रयोग गर्नु पर्ने वाध्यता छ । बर्षातको बेला मा डुंगाको प्रयोग

[1] यो रिपोर्ट सुस्ता भ्रमण पश्चात तैयार गरिएको हो । यो अध्ययनका लागी दि एशिया फाउण्डेशनले सहयोग गरेको थियो ।

जोखिमपूर्ण हुने गर्दछ । भारतीय भुमी को प्रयोग गर्दा धेरै लामो बाटो तय गर्नु पर्ने र सीमा सुरक्षा वलका सिपाही हरुबाट झिन्झ्याट गरिन्छ । त्रिबेणी सुस्ता बिचको नदिमाथि हालसम्म यातायातको लागी पुलको ब्यबस्था भएको छैन । यसो हुँदा कृषकहरुले आफ्नो उखु बाली त्रिबेणी स्थित चीनी मीलमा पुरयाउन नसक्दा मर्का परेको छ ।

३. उपभोग गरेको जग्गाको स्वामित्व विहीन

बि.सं.२०२७ सालदेखि खेतिपाति तथा बसोबास गरेको जग्गाको जग्गा धनी पुर्जा बितरण गरिएको थियो । बि.सं.२०३४ सालमा नारायणी नदी को भीषण बाढीले घर टहरा बगाएकोले उनि हरु बिस्थापित हुन पुगे । पुनः बि.सं. २०३६ साल देखि सुस्तामा बसोबास गरी आएका छन । तथापी हाल सम्म सरकारले सो जमिनको संरक्षण र उपभोक्ता हरुलाई जग्गा धनि प्रमाण पुर्जा बितरण गरेको छैन । यसो हुँदा सुस्ता क्षेत्रमा भारतीय हरु ले अतिक्रमण गरी खेतिपाती तथा घर टहरा निर्माण गरी बसोवास गरेका छन । कतिपय भारतीय हरुले नेपाली हरुको जग्गा कब्जा गरी खेतिपाती गरेका छन ।

४. दसगजा जमिन अतिक्रमण र सीमा स्तम्भ हरु हराउनु

नेपाल भारत बिच रहेको कतिपय सीमा स्तम्भहरु हराएको र कतिपय जिर्ण अवस्थामा रहेकाछन । हरायका सीमा स्तम्भहरुको खोजी र जिर्ण अवस्थामा रहेकाहरुको समयमै मर्मत गर्न सकिएको छैन । साथै दसगजा जमिन मा भारतीय हरुले अतिक्रमण गरी घर टहरा बनाएका छन । बि.सं. २०६२ साल जेष्ठ १७ गते यता देखि भारतीय हरुले २१००० बिघा जमीन अतिक्रमण गरिसकेका छन । सुस्तावासी हरुले विरोध गर्दा भारतीय सीमा सुरक्षा बलका सिपाही हरुले बल प्रयोग गर्ने गरेको गुनासो छ । नेपाल सरकारले कुनै किसिम को विरोध गरेको छैन ।

५. आधारभूत सेवा सुबिधा को अभाव

सुस्तावासी हरु आधारभूत सेवा सुबिधा बाट बन्चित गरिएका छन । शिक्षा, स्वास्थ्य, खानेपानी, बाटो, ढल, बिजुली आदि जस्ता आधारभूत सेवा सुबिधा र आवश्यकताहरुको यथोचित व्यवस्था समेत बाट बन्चित छन  । राज्य सुस्तावासी हरुको मांग प्रति संबेदनशील नरहेको गुनासो छ ।

६. सुरक्षा प्रहरी थाना को भवन जिर्ण

सुस्तामा बि.सं. २०२५ सालदेखि प्रहरी थाना रहेको भएपनि थाना को पक्की भवन छैन । हाल सम्म काठको टहरामा कार्यालय र ब्यारेकको काम चलाउनु पर्ने वाध्यता छ । वर्षातको बेला मा त्यो टहरा काम न लाग्ने र ठुलो हुरी आउंदा कुनै पनि बेला ढल्ने स्थिती छ । यस्तो अवस्थामा सुरक्षा कर्मी हरुको मनोबिज्ञानमा नकारात्मक असर परेको हामीले अनुभब गरयौं ।

नेपाल भारतको सीमा विवाद तथा समाधानका उपायहरु

कुनै पनि देश हरु बिचको सीमा क्षेत्र ब्यबस्थीत गरिनु पर्छ । नेपाल भारतको सीमा क्षेत्र खुला छ । त्यसैले पनि धेरै समस्या हरु उब्जेका छन । खुला सिमाना भएकै कारण ले गर्दा अवैध मालसामान को चोरी निकासी, चोरी डकैति, आतंवादी गतिबिधी, तथा सीमा क्षेत्र अतिक्रमण जस्ता समस्या हरु देखा परेका छन । सीमाविद बुद्धि नारायण श्रेष्ठ का अनुसार भारत ले नेपाल को सयौं बर्ग किलोमिटर जग्गा मिचेको छ । एकातिर सन १९५० मा भएको सुगौली सन्धिको सेरोफेरोमा नेपालले बृटिश ईन्डिया कम्पनी सँग गुमाउनु परेको भुभाग लाई नेपालीहरुले विर्सन सकेका छैनन् भने अर्को तिर उत्तरी नाका हरुमा भारतीय सैनिक को उपस्थिती, सिक्किम काण्ड, कोशी, गन्डक र टनकपुर सम्झौता, नेपाली भुमी डुब्ने गरी भारत दवारा निर्माण

गरिएका तटबन्ध हरुका कारण ले आम नेपालीको मानसपटलमा भारतले आफ्नो स्यानो छिमेकी मुलुक नेपाल प्रति गरेको ज्यादति अपाच्य छ ।

सन १८१६ को सुगौली सन्धि र सन १८६० को सम्झौताको आधारमा नेपाल भारत सिमाना जम्मा १८८० कि.मि. कायम रहेको पाइन्छ । जसमध्य १२४० कि.मि. जमिन र ६४० कि.मि. पानीमा पर्दछ । यि दुइ देशको सीमालाइ छुटयाउनका लागी ठुला, सहायक, र साना (रिफरेन्स पिलर) स्तम्भहरु कायम गरिएका छन । नेपाल भारत को सीमा सम्बन्धि उठेका विभिन्न समस्याहरुको समाधानका लागी तीनवटा संयन्त्र बनेकाछन :
-Joint Technical Level Nepal-India Boundary Committee (JTC 1980-2007)
-Border Working Group (BWG)
-Joint District Level Boundary Committee (Coordination Committee)
JTC को चौधौं वैठकले सीमा स्तम्भहरुको संख्या एकिन गरिएको थियो । सीमाविद बुद्धि नारायण श्रेष्ठका अनुसार नेपाल भारत बीच रेखाँकन गरिएका जम्मा सीमा स्तम्भहरुको संख्या ८८५३ थियो । ति मध्य ५४०० स्तम्भहरु जमीनमा स्थापना गरिएका थिय भने हाल जमीनमा रहेका स्तम्भहरुको संख्या ३५०० मात्र रहेका छन् । बाँकी १९०० स्तम्भ हरु हरायका छन ।

नेपाल र भारत दुई देशबिचको खुला सीमा लाई दुई पक्षिय आर्थिक एवम सामाजिक व्यवहार को धरातल मा मात्र बुझ्नु हुँदैन । नेपाल भारत बचि विधमान खुला सीमाका कारण सिमावर्ती क्षेत्रका बासिन्दा हरुलाई आवत जावत गर्न, बैबाहिक सम्बन्ध राख्न सजिलो भएको होला तर खुला सीमाकै कारण धेरै समस्या हरु देखिएका छन । धेरै अगाडि देखि भारतले उठाउँदै आएको आतकंबादको समस्या पनि एक हो । त्यस कारण ले नै नेपाल भारत बिच सीमा क्षेत्रमा पर्याप्त प्रबेश द्वार तथा जाँच केन्द्र हरु राखेर काँडे तार लगाएर सीमा क्षेत्र ब्यबस्थित गरिनु पर्छ भन्ने सुझाब धेरै अघी पनि आएका हुन । दस गजा जमिन मा देखिएको अतिक्रमण एकोहोरो रुपमा भारतीय बाट मात्र भएको होइन नेपाली बाट पनि भएको छ । दुई देश बिच को समझदारीमा यिन लाई सजिलै सँग हल गर्न सकिन्छ । तर कालापानी र सुस्ता जस्तो बलमिच्याँइ यदि भारतले सुनियोजित ढंग बाट गरेको हो भने यो समस्या सजिलै अन्त्य हुने अवस्था देखिदैन ।

नेपाल भारत बिच रहेको सदियौं देखीको सद्भाव र मैत्रिपूर्ण सम्बन्धमा थप समस्या तथा चुनौती रोक्नका लागि नेपाल ले राष्ट्रिय हित लाई ध्यानमा रखी भारत सँग कुटनैतिक तथा राजनैतिक संवाद गर्नु आवश्यक छ । भारतले बारम्बार उठाइ रहेको आतंकवाद समस्या को नेपाल ले भरपर्दो समाधान दिनु सक्नु पर्छ । यसकोसाथै बेला बेलामा भारतीय अपराधी हरु बाट नेपाल भित्र हुने आपराधिक गतिबिधी माथी कडा नियन्त्रण गरिनु पर्छ । राष्ट्रिय सुरक्षा सँग संबन्धित निती निर्माण गरी नेपाल को बृहत्तर हित र बिकासका लागि दीर्घकालीन सोच बनाउने तथा यस सवालमा सबै राजनैतिक दल हरुमा एक्यबधता हुनु जरुरी छ । देशको आर्थिक बिकासका लागि भारत र चीन सँग मिलेर काम गर्नु नेपालको हितमा हुने छ । कुनै पनि नेपालीले आफ्नो देशको सीमा अतिक्रमणको कुरा उठाउँदा भारत विरोधिको रुपमा अर्थ्याउनु हुँदैन । सिमा बिबादको समाधान हुँदा दुई देश बिच रहेको सम्बन्ध अझै प्रगाढ हुन्छ भन्ने कुरा विर्सन हुन्न ।

सशस्त्र प्रहरी बलले बि.सं. २०६६ मा आयोजना गरेको सीमा सुरक्षा सम्बन्धि गोष्ठिले सीमा सम्बन्धि समस्याहरुको समाधानकालागी निम्नलिखित सुझाव हरु दिएको देखिन्छ :

१. सीमा सम्बन्धि समस्याको समाधानकालागी स्थायी संयन्त्रको व्यवस्था हुनु पर्ने

२. दश गजा क्षेत्रको अतिक्रमण रोक्न स्थानीय प्रशासनलाइ सकृय बनाउनु पर्ने

३. नदी सिमाना क्षेत्रमा दशगजा कायम नभएको हुँदा नदीको धार संग सीमा परिवर्तन हुने गरेकाले नदी क्षेत्र भित्र स्थायी स्तम्भ राख्नु पर्ने

४. हराएका सीमा स्तम्भ हरुको खोजी, मर्मत, र नयाँ निर्माण कार्य निरन्तर गरीनु पर्ने

५. सुस्ता र कालापानी क्षेत्रको विवाद राजनैतिक तहमा समाधान गरी उक्त क्षेत्रको नाप नक्सा कायम गरे पछि मात्र नक्साहरु अन्तिम तह वाट हस्ताक्षर गर्न उपयुक्त हुने

६. Cross border occupation को समस्या अन्तिम हस्ताक्षर गर्न पूर्वनै समाधान गर्नु  पर्ने

७. सीमामा काँडे तार लगाउने

८. सीमा सम्बन्धि समस्याको समाधानकालागी केन्द्रिय र स्थानीय स्तरमा संयन्त्रको व्यवस्था गर्न पर्ने

९. अपराधिक कृयाकलाप रोकथामका लागाी सीमावर्ति क्षेत्रमा रहेका सुरक्षा निकायहरु बीच सुचना आदान प्रदान गर्ने

१०. नदी हरु वाट हुने कटान रोक्ने

नेपाल भारतको सीमा सम्बन्धी बिबाद छिटो भन्दा छिटो समाधान गर्ने तर्फ उपरोक्त सुझाव हरु उपयोगी हुने देखिन्छन । भारतले खुला सिमानाकै कारण बाट आतंकवादि गतिबिधी बढेको भन्ने कुरा बारम्बार उठाइ रहेको परिप्रेक्षमा दुबै देशका सीमा मा कांडे तारवार लगाइ नियन्त्रित गरेमा दुवै देश लाई फाईदा हुने छ । हालसालै नेपाल को परराष्ट्र र गृह मन्त्री माधव घिमिरे को भारत भ्रमणका बेला भारतीय प्रधानमन्त्री स्वयं बाट दुई देश वीचको सीमा बिबाद लाई एकिकृत जाँच केन्द्र हरु स्थापना गरी समाधान गर्न जोड दिएको कुरा महत्वपूर्ण छ । नेपालकै कारण त्यस्तो संयन्त्र स्थापित हुन ढिला भएको कुरा पनि देखिन्छ । विज्ञ हरुको सहयोगमा यस्ता संयन्त्र निर्माण गरी संचालन गर्न ढिला गर्नु हुँदैन । अर्को तर्फ सिमा क्षेत्रमा रहेका सुरक्षा पोष्ट हरुको सुदृढ व्यवस्थापन हुनु जरुरी छ ।